# डेंगी रोकथाम तथा नियन्त्रण सम्बन्धमा भए गरेका कार्यहरु तथा आगमी योजना

नेपालमा पछिल्लो समय लामखुट्टेको टोकाईबाट सर्ने डेंगी रोगको प्रकोपले स्वास्थ्य तथा जनस्वास्थ्यको क्षेत्रमा गम्भीर चुनौती सिर्जना गरेको छ। विगतका दुई बर्ष यता मनसुन संगै डेंगी संक्रमितहरुको संख्यामा बृद्धि भई कतिपय जिल्लाहरुमा प्रकोपको रुपमा देखा परिरहेको छ। बिगत छ महिना (सन् २०२४ को जनवरी देखि) यता पनि ७३ बटा जिल्लाहरुबाट १८ सय भन्दा बढी डेंगी संक्रमितहरु प्रतिवेदन भईसकेको छ। यद्दपी यस अवधि सम्म डेंगीकै कारण कुनै मृत्यु भने भएको छैन। हालको तथ्यांक हेर्दा अघिल्लो बर्षको तुलनामा बिरामीहरुको संख्यामा खासै उल्लेख्य बृद्धी भएको देखिएको छैन, तथापी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मातहतका विभाग/ महाशाखा तथा केन्द्रहरु मार्फत डेंगीको अवस्थाको निरन्तर निगरानी र पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरू सञ्चालन गरिरहेको छ। बिगतको सिकाई र हालको अवस्थालाई मध्यनजर गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डेंगीको रोकथाम तथा नियन्त्रण गर्न- लामखुट्टेको बासस्थान खोजी नष्ट गर्ने अभियानलाई चुस्त दुरुस्त बनाउने र डेंगीबाट हुने मृत्युलाई शून्यमा कायम राख्ने दुई प्रमुख रणनितीमा काम गरिरहेको छ। यसका लागि भए गरेका कार्यहरु तथा आगामी योजनाहरु यस प्रकार रहेको छः

१ संघ, प्रदेश र स्थानीय सरकार तथा सम्बद्द निकायहरुले गर्नुपर्ने क्रियाकलापहरु सहितको **डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०८१** तयार तथा स्वीकृत भई यसको कार्यान्वयनका लागि ७ वटै प्रदेश र सवै स्थानीय तहमा पठाई सकिएको छ र यसको कार्यान्वयनका लागि समन्वय तथा निगरानी स्वास्थ्य सेवा विभाग, इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा मार्फत निरन्तर रुपमा भईरहेको छ।

२ डेंगी रोग रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नेतृत्वमा राष्ट्रिय डेंगी टास्क फोर्स गठन भइ क्रियाशील अवस्थामा रहेको छ।

३ डेंगीबाट हुने महामारी तथा जोखिम क्षेत्रहरू समयमै पहिचान गरि प्रतिकार्य गर्न इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले पूर्व चेतावनी तथा प्रतिवेदन प्रणालीमार्फत डेंगी रोगको नियमितरुपमा सुक्ष्म निगरानी गरिरहेको छ। बिरामीको प्रतिवेदन भईरहेका स्थानीय तहहरूलाई तत्काले सूचित गरि समयमै कीट नियन्त्रणका उपायहरू अवलम्बन गर्न र केस व्यवस्थापनको लागि तयारी बढाउन आवश्यक समन्वयका कार्यहरु निरन्तर रुपमा भईरहेको छ।

४ जनस्वास्थ्यको तथा पर्यावरणको अधिकतम हितका लागि तथा डेङ्गु को रोकथाम र नियन्त्रणको लागि उपलब्ध उपायहरुको लागत तथा प्रभावकारितालाई मध्यनजर गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विश्वव्यापी रुपमै प्रभावकारी मानिएको र सिफारिस गरिएको **"खोज तथा नष्ट"(स्थिर पानीका श्रोत खोज्ने, सफा/नष्ट गर्ने)** गर्ने अभियानलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्दै आइरहेको छ। सोही अनुसार डेंगी रोग प्रतिवेदन भएका स्थानीय तहहरुमा “खोज तथा नष्ट अभियान” लाई सक्रियता का साथ संचालन गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार भई आवश्यक समन्वय भईरहेको छ। स्थानीय तह मार्फत बहुनिकायको सहकार्यमा खोज तथा नष्ट अभियान” लाई व्यापक रुपमा संचालन गर्न यस आर्थिक बर्षका लागि **स्थानीय तहमा ७ करोड ९८ लाख रकम बिनियोजन गरिएको छ। साथै ७७ वटै जिल्लाहरुमा पनि करिव २ करोड बजेट विनियोजन गरिएको छ** जुन विगतका बर्षहरुमा डेंगी रोकथाम तथा नियन्त्रणका लागि गरिएको विनियोजनको तुलनामा उत्साहजनक रकम हो।

५ बर्षातको समयमा आउन सक्ने डेंगी लगायत अन्य स्वास्थ्य विपदहरुको पूर्व तयारी तथा प्रतिकार्यका लागि सवै **प्रदेश, जिल्ला तथा स्थानीय तहमा रहेका द्रुत प्रतिकार्य समिति तथा तालिम प्राप्त द्रुत प्रतिकार्य टोलीहरुलाई तयारी अवस्थामा** राखी आवश्यकता अनुरुप परिचालनको व्यवस्था मिलाईएको छ।

६ डेंगीबाट हुने मृत्युको जोखिमलाइ कम गर्नका लागि, देशभर बाट उपचारमा संलग्न विभिन्न **निजि तथा सरकारी अस्पतालहरुका ८०० भन्दा बढी चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई डेंगी रोगको राष्ट्रिय उपचार पद्धतिका बारेमा अभिमुखीकरण** गरि अस्पतालहरुलाइ तयारी हालतमा राखिएको छ। थप चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धी गर्ने कार्य नियमित रुपमा भईरहेको छ।

७ **डेंगी रोगको स्क्रिनिङ्गका लागि डेंगी आवश्यक परिक्षण कीट को व्यवस्थापन गरि मौज्दात राखिएको** छ। चिकित्सक तथा स्वास्थ्य कर्मीहरुको सिफारिशमा डेंगी रोगको निशुल्क परिक्षण गरिदै आएको छ । मनसुन संगै डेंगीको संख्यामा बृद्धी हुँदै जाने र द्रुत परिक्षण कीटको माग अत्याधिक हुनेहुँदा सो को मागलाई सम्बोधन गर्न तथा अपुग कीटहरुको खरिद तथा व्यवस्थापनका लागि प्रदेशमा समेत आवश्यक श्रोत सुनिश्चित गरिएको छ।

८ संक्रमण उच्च रहेकका जिल्लाका अस्पतालहरुबाट बिरामीहरुको रक्तनमुना संकलन गरि राष्ट्रीय जनस्वास्थ्य प्रयोगशाला मार्फत डेंगी भाइरसको सेरोटाईपिङ हुने गरेको छ। सेरोटाईपिङले डेंगी रोगका कारण हुनसक्ने जटिलताकाको आंकलनका लागि

महत्वपूर्ण सूचना प्रदान गर्ने हुँदा पूर्वतयारीका कार्यहरु प्राथमिकीकरण गर्न सहज हुनेगर्दछ, तसर्थ चालु आर्थिक बर्षमा पनि यस कार्यलाइ निरन्तरता दिने योजना रहेको छ।

९ डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि डेंगी सार्ने एडिज जातको लामखुट्टेको नियमित निगरानी तथा नियन्त्रण अत्यन्तै महतवपूर्ण रहन्छ।डेंगी लगायत औलो, कालाजार, हात्तीपाईले जस्ता अन्य कीटजन्य रोगहरु सार्ने लामखुट्टे तथा अन्य कीटहरुको आवधिक निगरानीका लागि गत बर्षनै सातै प्रदेशका स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गत रहने गरि **इन्टोमोलोगिकल (entomological) ल्याब स्थापना भई सातै प्रदेशका तोकिएका सेन्टिनेल साइटमा एकिकृत तथा एकल भेक्टर सर्भिलेन्सका कार्यहरु थालनी भई विभिन्न जिल्लामा एडीज लामखुट्टेको अवस्थिति तथा घनत्वको तथ्यांक संकलन भईरहेको छ।** सोही तथ्यांकका आधारमा प्राथमिकता तथा सम्भावित जोखिम क्षेत्रहरु पहिचान गरी कीट नियन्त्रका कार्यहरु संचालन भइरहेको छ ।यद्यपि कीटविज्ञ तथा यसमा दखल राख्ने स्वास्थ्यकर्मीहरुको अभावका कारण, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यी गतिविधिहरूलाई थप जिल्लाहरूमा विस्तार गर्न चुनौतीहरूको सामना गरिरहेको छ।

१०संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा बिभाग, र सातै प्रदेशका स्वास्थ्य हेर्ने बिषयगत मन्त्रालय र स्वास्थ्य सम्बन्धी निकायहरुबीच डेंगी रोगको अवस्थाको पुनरावलोकल तथा यसको रोकथाम तथा नियन्त्रण, पूर्वतयारी तथा प्रतिकार्यका सम्बन्धमा भईरहेका तयारीका सम्बन्धमा नियमित रुपमा समिक्षा तथा छलफल हुने गरेको छ।

११गत बर्ष बर्षमा डेंगीका बिरामीहरु अत्याधिक देखिएका जिल्लाहरु (सुनसरी, तनहुँ, झापा, धादिङ, कास्की, लगायत **१३ जिल्लाका १२६ वटा स्थानीय तहका प्रमुख/उप-प्रमुख, स्वास्थ्य संयोजक तथा सरोकारवालाहरु संग प्रत्यक्ष रुपमा अन्तरक्रिया गरी डेंगी प्रतिकार्यका अल्प तथा दिर्घकालीन योजना तथा निति निर्माण सम्बन्धमा छलफल अघि बढाईएको छ।** यी कार्यहरुलाई यस आर्थिक बर्षमा समेत निरन्तरता दिईएको छ।केही प्रदेशहरुमा माननीय मुख्य मन्त्रीको नेतृत्वमा स्थानीय तहका जनप्रतिनिधीहरुलाई डेंगीका बारेमा जानकारी तथा यसको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक सुझाव प्रदान गरिएको छ।

१२बिभिन्न पेशागत संघ संगठनहरु जस्तै अटो-मेकानिक एसोसियसन नेपाल, नेपाल रिकलेक्टर्स एण्ड रिसाइक्लर्स एसोसियसन, विद्यालय अर्गनाइजेशनहरु, तथा मिडीया क्षेत्र संगको पैरवी मार्फत मातहतका संघ-संगठन लाइ डेंगी रोग रोकथाम तथा नियन्त्रणमा परिचालन गर्न संघ, प्रदेश तथा स्थानीय तहका स्वास्थ्य सम्बद्ध निकायहरु मार्फत समन्वय तथा सहजीकरण भईरहेको छ।

१३सचेतना अभिबृद्धीका लागि **राष्ट्रीय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्र मार्फत नेपाली भाषा लगायत थप १२ वटा राष्ट्रीय/भाषामा डेंगी सम्बन्धी रेडियो सन्देश प्रशारण भईरहेको छन्। साथै** डेंगी सम्बन्धी सुचना समाग्रीहरु छपाई गरि स्थानीय स्वास्थ्य संस्था मार्फत नागरिक तहसम्म सम्प्रेषण गर्ने कार्य भईरहेको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा को टोल फ्री हटलाइन मार्फत, साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रीय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्र लगायतका सामाजिक संजालमार्फत समेत डेंगी सम्बन्धि सन्देशमुलक भिडियो र सुचना सामाग्रीहरुको नियमित प्रशारण गरि जोखिम संचारको व्यवस्था मिलाईएको छ।